# सारिपुत्रको–मातालाई धर्मदेशना

अनागारिका सुशीला
"परियत्ति सद्धम्म कोविद"

Downloaded from http://www.dhamma.digital

# सारिपुत्रको-मातालाई उपदेश

सङ्कलन तथा सम्पादन—
अनागारिक सुशीला
"परियत्ति सद्धम्म कोविद"

Downloaded from http://www.dhamma.digital

प्रकाशिका—
श्रीमती इन्दिरा हलवाई
महेन्द्र पथ, धरान-५ ।
फोन नं. २०१६०

प्रथम संस्करण— १०००

बुद्ध सम्वत् २५३७
विक्रम सम्वत् २०५१
ईस्वी सम्वत् १९९४
नेपाल सम्वत् १११४

मुद्रक —
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन नं. २२ १० ३२

Downloaded from http://www.dhamma.digital

# प्रस्तावना

मानिसहरूलाई आफ्नो जीवन सार्थक बनाउन आवश्यक साधनहरूमध्ये महापुरुषहरूको जीवन चरित्र अध्ययन गरी प्रेरणा ग्रहण गर्नु पनि एक हो। सारिपुत्र पनि एक महापुरुष हुनुहुन्थ्यो।

प्रस्तुत पुस्तकमा सारिपुत्र स्थविरको संक्षिप्त परिचय उल्लेख भएको छ। भगवान बुद्ध स्वयम्ले सारिपुत्रलाई अनुबुद्ध भनी भन्नु भएको छ। यति मात्र होइन विभिन्न ठाउँमा विभिन्न प्रकारले तथागतले सारिपुत्र स्थविरको प्रशंसा गर्नु भएको छ। जस्तैः—

कप्पसत सहस्साधिकं असंखेय्यं पूरित पारमी एस भिक्खु। (भिक्षुहरू ! यो भिक्षुले शतसहस्राधिक असंखेय्य कल्पहरू पारमी पूरा गरेका थिए।)

मया पवत्तितं धम्मचक्कं अनुपवत्तको एस भिक्खु। (यी भिक्षु मैले घुमाएको धर्मचक्रलाई फेरि घुमाउन सक्ने हुन्।)



Downloaded from http://www.dhamma.digital

ठपेत्वा मं दससु चक्कवाल सहस्सेसु पञ्ञाय असदिसो एस भिक्खु । (दश सहस्र चक्रवालमा यी भिक्षु जस्तो प्रज्ञा ज्ञानमा निपुण मलाई छाडेर अरू कोही छैनन् ।)

महापञ्ञो एस भिक्खु । (महान प्रज्ञा भएका यी भिक्षु ।)

मम सासने पठविसम खन्तिको एस भिक्खु । (मेरो शासनमा पृथ्वी समान क्षान्ति भएका यी भिक्षु ।)

एतदग्गं भिक्खवे मम सावकानं भिक्खुनं महापञ्ञानं यदिदं सारिपुत्तो । (भिक्षु हो ! मेरा महान प्रज्ञा हुने श्रावक भिक्षुहरूमध्ये सारिपुत्र श्रेष्ठ छन् ।)

भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएको २० वर्षसम्म पनि निबद्धरूपले भगवानको उपस्थान गर्ने कुनै भिक्षु थिएन । कहिले नागसमाल भगवानको पात्र–चीवर ग्रहण गरी विचरण गर्थे भने कहिले नागित । अनि कहिले उपवान, कहिले सुनक्खत्त, चुन्द श्रमणुद्देश, कहिले सागत र कहिले मेघिय थिए । यसरी कोही पनि स्थाई रूपले भगवान बुद्धको उपस्थापक भएनन् । त्यसैले भगवान बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्दै यस्तो भन्नुभयो— "भिक्षु हो ! अब मेरो बयस घटिसकेको छ । कुनै भिक्षुलाई एउटा बाटोबाट जाऊ भन्यो भने अर्कै बाटो लाग्छ अनि कुनैले चाहिं मेरो पात्र–चीवर



Downloaded from http://www.dhamma.digital

पनि भुइँमा राख्न खोज्छ। अतः तिमीहरूले कुनै एकजना भिक्षुलाई मेरो निबद्ध उपस्थापक बनाओ।" यो सुनेर भिक्षुहरूमा संवेग उत्पन्न भयो। अनि आसनबाट उठी आयुष्मान सारिपुत्रले यसो भन्नुभयो— "भन्ते! तपाईंकै संस्मरण गर्दै मैले हजार कल्पभन्दा बढी असंखेय्य कल्पसम्म पारमी पूरा गरी म जस्तो महाप्रज्ञावान तपाईंको उपस्थापक हुन योग्य होइन र?"

अनि भगवानले सारिपुत्र स्थविरलाई "सारिपुत्र! जुन दिशामा तिमी जान्छौ, त्यो दिशा मबाट शून्य हुँदैन। तिम्रो अर्ती–उपदेश बुद्धको जस्तै छ। यस्ता तिमीलाई मेरो उपस्थापकको काममा रहनु उचित हुँदैन" भनी प्रतिक्षेप गर्नुभयो।

यसरी विभिन्न प्रकारले सारिपुत्र स्थविरको भगवानले प्रशंसा गर्नु भएको छ।

जीवनको अन्तिम अवस्थामा पनि सारिपुत्र परोपकारको काममा समर्पित हुनुहुन्थ्यो। उहाँले आफ्नो आमालाई अन्तिम अवस्थामा उपकार गरी श्रोतापत्ति फलमा प्रतिष्ठित गराउनु भएको कुरा यस पुस्तकमै पनि उल्लेख छ।

अनागारिका सुशीला "परियत्ति सद्धम्म कोविद" ले धेरै मेहनत गरी 'सारिपुत्रको–मातालाई धर्मदेशना' नामक यो पुस्तक सङ्कलन र सम्पादन गरेकी छिन्। अनागारिका



Downloaded from http://www.dhamma.digital

सुशीलाले भगवान बुद्धको धर्मलाई अध्ययन र मनन गर्नुका साथै बहुजन हित एवं कल्याण भावनाले प्रेरित भएर त्यसको प्रकाशनका लागि गरेको कोशिश प्रशंसनीय छ । अनागारिका सुशीलाले अरू पनि राम्रा-राम्रा पुस्तकहरू अनुवाद तथा सम्पादन गरी प्रकाशित गरिसकेकी छिन् ।

आशा छ, पाठकवर्गले यस पुस्तकको अध्ययन गरी आफ्नो जीवन सार्थक पार्नु हुनेछ ।

श्री सुमङ्गल विहार, —भिक्षु बुद्धघोष महास्थविर
ललितपुर ।
१ वैशाख २०५१ साल

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# दुई शब्द

श्रद्धावन्तहरूका सामुन्ने अग्रश्रावक सारिपुत्र स्थविरको जीवनी सङ्कलन गरी प्रस्तुत गर्ने ईच्छा पहिले आफूले "परियत्ति सद्धम्म कोविद" पढ्दादेखि नै थियो। यो ईच्छा आज पूरा हुनाको कारण म २०४९ सालमा धरानमा जाँदा श्रीमती इन्दिरा हलवाईसँग भेट हुँदा महास्थविर सारिपुत्रले आफ्नी आमाको मिथ्यादृष्टि हटाउन धर्म उपदेश गरी बोध गराउनु भएको सन्दर्भ उहाँलाई खूब घत परेको र उहाँको मनमा आफ्नी आमाको आफूले त्यति सेवा गर्न नसके तापनि सो सन्दर्भ सम्बन्धी पुस्तक प्रकाशन गरी आफ्ना जन्मदाता आमा-बुवालाई केही पुण्य प्राप्त गराउने ईच्छा गर्नु भएको रहेछ। मैले उहाँको ईच्छा अनुसार यो पुस्तक प्रस्तुत गर्ने अवसर पाएको हूँ।

सारिपुत्र स्थविरकी आमाका सातजना छोराछोरीहरू अरहन्त भएर पनि उनमा मिथ्यादृष्टि भैरहनु राम्रो थिएन। सारिपुत्रले आमाको मिथ्यादृष्टिलाई हटाउन आफूले नै



Downloaded from http://www.dhamma.digital

आमालाई बोध गराउनु पर्ने देखेर पाँचसय भिक्षुहरूका साथ आफ्नो आमाकहाँ गई बस्नु भयो। चार महाराजाहरू, शक्र देवराज इन्द्र र महाब्रह्माहरू आई आफ्नो छोरालाई सम्मान र वन्दना गरेको देखी आमा रूपसारी ब्राह्मणी आफ्ना छोरा सारिपुत्रको स्थविरत्वप्रति नतमस्तक भै उहाँको धर्मोपदेश ग्रहण गरी उहाँलाई पुत्र ऋणबाट उऋण गराइन्।

भगवान बुद्धले पांच अनन्त गुणको उपदेश दिनु भएको छ, ती हुन्— बुद्ध, धर्म, सङ्घ, आमाबाबु र गुरु। हामीले सधैं यी पाँच गुणलाई सम्झि राख्नु पर्छ। भगवान बुद्ध आफैले आफ्नी आमा महामाया देवीलाई देवलोकमा गई अभिधर्मको देशना गरी मार्ग र फल प्राप्त गराउनु भएको थियो।

त्यसैगरी आफ्ना आमाबुवाको गुण स्मरण गर्दै दिवंगत आमाबुवाको सुगतिको कामना गर्दै यो पुस्तक प्रकाशन गर्न आर्थिक सहयोग गर्नु हुने उपासिका श्रीमती इन्दिरा हलवाई, धरानलाई धन्यवाद दिंदै उहाँको सम्पूर्ण परिवारको मङ्गल कामना गर्दछु।

यो पुस्तक तयार पार्दा पूज्यवर महानायक स्व. अमृतानन्द महास्थविरले लेख्नु भएको विभिन्न ग्रन्थहरूको आधार र सहयोग मैले लिएको छु। यस बापत उहाँप्रति सधैं आभारी रहनेछु।



Downloaded from http://www.dhamma.digital

पूज्यवर भन्ते बुद्धघोष महास्थविरले प्रस्तुत पुस्तक तयार गर्ने क्रममा मलाई विभिन्न सुझाव र सल्लाह दिई प्रस्तुत पुस्तक आद्योपान्त हेरी प्रस्तावना समेत लेखि दिनु भै हौसला बढाई दिनु भएकोमा उहाँप्रति सादर कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, यस पुस्तकको शुद्धाशुद्धि समेत हेरि दिनु भै प्रकाशनको कार्यमा खटी दिनु हुने धरानका टङ्ककुमार विद्यार्थीलाई र समयमं मुद्रण कार्य सम्पन्न गरी दिनु हुने नेपाल प्रेस परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

पुनश्चः—

प्रस्तुत पुस्तकको पृष्ठ संख्या २ को नवौं पंक्तिमा 'ऋषि' शब्द र पृष्ठ संख्या ११ को अठाह्रौं पंक्तिमा 'जटिलहरू' शब्द आवश्यक नभएको हुँदा ती शब्दहरू हटाएर पढ्नु हुन पाठकवर्गमा अनुरोध छ ।

तम विहार, —अनागारिका सुशीला
चंकी टोल, ललितपुर ।
२०५१ वैशाख १



Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# प्रकाशिकाको निवेदन

भगवान तथागतले "सब्बदानं धम्मदानं जिनाति" (अरू सबै दानलाई धर्मदानले जित्छ अर्थात् दानमा सबभन्दा ठूलो धर्मदान हो) भन्ने उपदेश गर्नु भएको छ। त्यही उपदेशलाई मनन गरी पूजनीय दिवंगत माता श्रीमती लक्ष्मीकुमारी राजभण्डारी तथा पिता श्री जगतबहादुर राजभण्डारीको पुण्य स्मृतिमा उहाँहरूलाई निर्वाण लाभ प्राप्त होस् भन्ने कामना सहित अनागारिका सुशीला गुरुमाँले सङ्कलन गर्नु भएको यो 'सारिपुत्रको-मातालाई धर्मदेशना' नामक पुस्तक प्रकाशित गरी धर्मदान गर्ने अवसर लिन लागेको छु। आशा छ यस पुस्तकको अध्ययनबाट पाठकवर्गले केही मात्र भए पनि धर्मज्ञान लाभ गर्नु हुनेछ।

बुद्ध, धर्म, सङ्घ, आमाबाबु र गुरुलाई भगवान बुद्धले अनन्त गुणले पुर्ण भनी भन्नु भएको छ। यिनमा बुद्ध, धर्म र



Downloaded from http://www.dhamma.digital



स्व. श्री ख. जगतबहादुर सिं राजभण्डारी

जन्म–फाल्गुन १९४८ साल

मृत्यु–फाल्गुन शुक्ल चतुर्थी २०३२ साल

Downloaded from http://www.dhamma.digital



## स्व. श्रीमती लक्ष्मीकुमारी राजभण्डारी

जन्म–पौष शुक्ल अष्टमी १९५८ साल

मृत्यु–कार्तिक १७ गते २०४४ साल

Downloaded from http://www.dhamma.digital

सङ्घ उत्पन्न हुनु जति दुर्लभ छ, त्यति नै कर्तव्यनिष्ठ आमाबाबु र गुरु पाउनु पनि कठिन छ। बुद्ध धर्ममा आमाबाबुलाई ब्रह्मा र पूर्वाचार्य पनि भनिएको छ। कारण आमाबाबुमा ब्रह्मामा जस्तै मैत्री, करुणा, मुदिता र उपेक्षा (तटस्थ भाव) यी चार श्रेष्ठ गुणहरू हुन्छन्। तसर्थ आमाबाबुको श्रद्धापूर्वक सेवा गर्दा अनन्त पुण्य लाभ हुन्छ भनिएको छ।

प्रस्तुत पुस्तक पूजनीया अनागारिका सुशीला गुरुमाले मेरो अनुरोधमा सङ्कलन गरी प्रकाशित गर्न दिनु भएकोमा उहाँप्रति वन्दना सहित आभार प्रकट गर्दछु। प्रूफ समेत हेरी यो पुस्तक प्रकाशित गर्नमा सहयोग गर्ने स्नेही देवर टङ्ककुमार विद्यार्थी स्नेहाशीष र मुद्रक नेपाल प्रेस, काठमाडौं धन्यवादको पात्र हुनुहुन्छ।

Dhamma.Digital

भवतु सब्ब मङ्गलम्।

महेन्द्र पथ,
धरान–५।

—इन्दिरा हलवाई



Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| | | |
|---|---|---|
| | प्रस्तावना | क |
| | दुई शब्द | ङ |
| | प्रकाशिकाको निवेदन | ज |
| १) | सारिपुत्र परिचय | १ |
| २) | सारिपुत्रका बारेमा | २१ |
| ३) | भगवानसँग सारिपुत्रको बिदाई | २६ |
| ४) | सारिपुत्र जन्मस्थानमा | ३३ |
| ५) | आमालाई उपदेश | ३७ |
| ६) | सारिपुत्रको निर्वाणपछि | ४२ |




Downloaded from http://www.dhamma.digital

# सारिपुत्रको–मातालाई धर्म–देशना

## सारिपुत्र परिचय

बुद्धले बुद्धत्व प्राप्त गरी ऋषिपतन मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई धर्मचक्र प्रवर्तन गरिसकेपछि वाराणसीका यशकुलपुत्र तथा उनका ५४ जना साथीहरू समेत गरी प्रथम वर्षावासको अन्त्यसम्ममा ६० जना भिक्षुहरूलाई अरहत्त्वमा पुऱ्याई ६० जना भिक्षुहरू भएपछि उहाँले "चरथ भिक्खवे चारिकं........" भनी सबैलाई मानव कल्याणको लागि भिन्नाभिन्नै बाटोमा पठाई आफू स्वयं धर्म–प्रचारको लागि गयाको उरूबेलतिर जानुहुँदा बीच बाटोमा कपासको वनमा ३० भद्रवर्गीय कुमारहरूलाई विनीत तुल्याई भिक्षु बनाएर उनीहरूलाई पनि विभिन्न दिशातिर पठाई आफू उरूबेलमा पुगी दुइसय, तीनसय, पाँचसय गरी जम्मा एकहजार जटिल परिवार भएका तीन दाज्यूभाइहरूलाई बोध गराई भिक्षु बनाई सबैलाई अरहत्त्वमा पुऱ्याई उनीहरूका साथ भगवान राजगृह पुग्नुभयो।



Downloaded from http://www.dhamma.digital

राजगृह नजिकै उपतिस्स र कोलित नामक दुई गाउँहरू थिए। उपतिस्स गाउँकी रूपसारी ब्राह्मणीबाट जन्मेका गाउँको ज्येष्ठ ब्राह्मणका पुत्र उपतिस्स तथा कोलित गाउँको ज्येष्ठ ब्राह्मणकी भार्या मोग्गली ब्राह्मणीको कोखबाट कोलित जन्मेका थिए। यी दुवै बालककालदेखि नै घनिष्ट मित्र थिए। एकदिन यिनीहरू एउटा गीति नाटक हेरिरहेको बेलामा "यहाँ हेर्न लायक के छ र? यी सबै मानिसहरू सयवर्ष नपुग्दै मर्नेछन्। हामीले कुनै एक मोक्ष मार्ग खोज्नुपर्छ" भनी दुवैजना विचारमग्न भएर बसिरहे। ऋषि कोलितले उपतिस्ससँग सोधे— "हे सौम्य! किन अघि अघि जस्तो हाँसेर नबसीकन बडो गम्भीर भई चुप लागेर बस्नु भएको? लाग्छ कि आज बडो विरक्तिनु भएको छ।"

"सौम्य कोलित! यो गीति नाटिकामा कुनै सार छैन। यो निरर्थक छ। हामीले आपनो मुक्तिको बाटो खोज्नुपर्छ भन्ने विचार गरिरहेको हूँ। तपाईं किन विरक्त भएर बस्नु भएको त?"

कोलितले पनि त्यस्तै जवाफ दिएपछि उपतिस्सले भने— "हामी दुवैजनाको विचार एउटै रहेछ। मोक्ष धर्म खोज्नेले कुनै प्रव्रज्या ग्रहण गर्नुपर्दछ। कोसँग प्रव्रजित हुने?"

त्यस समयमा राजगृह नगरमा सञ्जय भन्ने परिव्राजक बस्दथे। पाँचसय शिष्यका साथ ती दुवै सञ्जय परिव्राजक-



Downloaded from http://www.dhamma.digital

द्वारा प्रव्रजित भए। उनीहरू प्रव्रजित भएदेखि सञ्जयलाई विशेष लाभ सत्कार प्राप्त भयो। केही समयमै ती दुवैले सञ्जय परिव्राजकको सम्पूर्ण धर्मशास्त्र सिके। एकदिन उनीहरूले सोधे— "आचार्य! तपाईंले जान्नु भएको धर्म यत्ति नै हो कि अरू पनि छन् ?"

"यत्ति नै हुन्, सबै तिमीहरूले जानिसक्यौ।"

अनि उनीहरूले विचार गरे कि "यदि यसो हो भने यिनकहाँ बसेर ब्रह्मचर्य पालन गर्नु व्यर्थ छ। जुन मोक्ष धर्म खोज्न भनी घर छाडी आएका छौं, त्यो प्राप्त गर्नु नै छ। जम्बूद्वीप विशाल छ। गाउँ-गाउँ, नगर-नगरमा विचरण गर्दा अवश्य पनि मोक्ष धर्म देशना गर्ने पुरुष भेट्न सकिने छ।" अनि उनीहरू त्यहाँबाट जहाँ जहाँ पण्डितहरू बस्दथे, त्यहाँ त्यहाँ गई छलफल गर्नथाले। यस्ता छलफलबाट उनीहरू सन्तुष्ट हुन सकेनन्। निष्फल जम्बूद्वीप भ्रमण पश्चात् ती दुइले "हामीमध्ये जसले पहिले अमृत ज्ञान पाउँछ, उसले अर्कोलाई बताउनुपर्छ" भनी वाचा गरे। यो त्यो बखत थियो, जब शास्ता उरूबेलाबाट राजगृहमा पुग्नु भई बेणुवनमा बसिरहनु भएको थियो।

त्यस समयमा अस्सजित भिक्षु पनि राजगृहमै थिए। ती दुई मित्रले वाचा गरेको भोलिपल्ट राजगृह नगरमा अस्सजित भिक्षु भिक्षाटनमा हिंडिरहेको बेला उनलाई देखेर



Downloaded from http://www.dhamma.digital

उपतिस्सले सोच्न थाले— "मैले यसप्रकारका प्रव्रजितलाई अघि कहिल्यै पनि देखेको थिइनं। यो लोकमा जो अरहत् हुन्, जो अरहत् मार्गमा लागेका छन्— तिनीहरूमध्ये यी श्रमण पनि हुनुपर्छ। अतः म उनकहाँ त्यसै गई 'तपाईं को हुनुहुन्छ? कस्तो उद्देश्य लिएर प्रव्रजित हुनु भएको हो? तपाईंको शास्ता को हो? कसको धर्ममा लाग्नु भएको छ?' भनी सोध्नु ठीक छैन। बरू म नै उनको पछि–पछि लाग्छु।

अनि आफै अस्सजित भिक्षुको पछि लागे। भिक्षाटन गरिसकेर शहर बाहिर एउटा रूखमुनि बस्न लागेका अस्सजित स्थविरको लागि बस्ने आसन बिछ्याई दिए र भोजनपछि आफ्नो कमण्डलुबाट उपतिस्सले पानी दिए। यसरी आचार्य ब्रत देखाई भोजन गरिसकेका स्थविरसँग कुशलक्षेमका कुरा गर्दै उनले सोधे— "आवुसो! तपाईंका इन्द्रिय अति प्रसन्न छन् र चेहरा अति परिशुद्ध छ। तपाईं को हुनुहुन्छ? तपाईं कस्तो उद्देश्य लिएर प्रब्रजित हुनु भएको हो? तपाईंको शास्ता को हुनुहुन्छ? कसको धर्म रूचाउनु हुन्छ?"

अस्सजित भिक्षुले 'यी परिब्राजकहरू बुद्ध–धर्मको विपक्षमा हुन्छन्, यिनलाई बुद्ध–धर्मको गम्भीरता बुझाइ दिनुपर्छ' भन्ने सोची आफू बुद्ध–धर्ममा भर्खरै आएको भन्ने कुरा दर्शाउँदै— "आवुसो! म यस धर्ममा प्रव्रजित भएको धेरै भएको छैन। बिस्तारपूर्वक म यस धर्मको कुरा बताउन सक्दिनँ" भनी भने।



Downloaded from http://www.dhamma.digital

"आवुसो ! म उपतिस्स हूँ । आफ्नो शक्ति अनुसार थोरै वा धेरै बताउनुहोस् । त्यसलाई सय वा हज्जार प्रकारले बुझ्ने काम मेरो हुनेछ ।"

उपतिस्सले यसो भनेपछि स्थविरले भने—

"ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह ।
तेस च यो निरोधो, एवंवादी महासमणो ।।"

अर्थः—

"हेतुद्वारा उत्पन्न हुने वस्तु ( =पञ्चस्कन्ध ) जुन हेतुको कारणले उत्पन्न हुन्छ त्यसको हेतु पनि तथागतले बताउनु भएको छ । अनि त्यसको निरोध हुने उपायको कुरा पनि उहाँले बताइदिनु भएको छ । यस्तावादी महाश्रमण गौतम हुनुहुन्छ ।"

गाथाको प्रथम दुईपद सुन्नेबित्तिकै परिव्राजकले विरज वीतमल भएको श्रोतापत्तिफल प्राप्त गरे । परिव्राजकले यस्तो पनि भने "भन्ते ! भइहाल्यो पुग्यो, अरू बढ्ता कुरा नभने पनि हुन्छ । बरू हाम्रा शास्ता कहाँ बस्नु भएको छ ?"

"आवुसो ! वेणुवनमा हुनुहुन्छ ।"

"भन्ते ! त्यसो भए तपाईं जानुहोस् । मेरो एक साथी छ । हामीहरूको बीच जसले पहिले अमृत ज्ञान प्राप्त गर्छ



Downloaded from http://www.dhamma.digital

उसले अर्कोलाई बताउनु पर्छ भन्ने वाचा छ। त्यसैले म त्यो वाचा पूरा गरी उसलाई पनि लिएर शास्ता कहाँ आउने छु" भनी स्थविरको चरण कमलमा प्रणाम गरी तीन पटक प्रदक्षिणा पनि गरी, आफू परिब्राजकारामतिर गए। टाढैदेखि उपतिस्सलाई देखेर कोलितले "आज मेरो साथीका इन्द्रिय र चेहरा अरू दिन जस्तो होइन बडो प्रसन्न देखिन्छन्। अवश्य पनि उनले अमृत ज्ञान पाए होलान्" भनी आउना साथ "अमृत ज्ञान भेट्टायौ कि क्या हो ?" भनी सोध्दा उनले पनि "हो आवुसो ! अमृत प्राप्त भयो" भनी अस्सजित स्थविरले भन्नु भएको गाथा पढेर सुनाइदिए र गाथाको अवशानमा कोलित पनि श्रोतापत्तिफल प्राप्त गरी "सौम्य ! हाम्रा शास्ता कहाँ हुनुहुन्छ नि" भनी सोधे।

"वेणुवनमा भनी हाम्रा आचार्य अस्सजित भन्नु हुन्छ।"

"सौम्य ! हामी शास्ताको दर्शनार्थ जाऔं।"

उपतिस्स सधैं गुरु भक्ति गर्ने, त्यसैले साथीलाई यस्तो भने – "सौम्य ! हामीले अमृत ज्ञान पायौं। हाम्रा आचार्य सञ्जय परिब्राजकलाई पनि सुनाऔं। बुझ्न सके बुझ्नेछन्। बुद्धको धर्मोपदेश सुनेर मार्गफल प्रतिबोध गर्न सक्छन्।" दुवैजना सञ्जय कहाँ गए।

सञ्जयले "हे तात ! के तिमीहरूले कुनै अमृतमार्ग-देशक भेट्टायौ कि ?"



Downloaded from http://www.dhamma.digital

"हो आचार्य ! भेट्टायौं लोकमा बुद्ध, धर्म र सङ्घ उत्पन्न भएका छन्। तपाईं तुच्छ असारमा बस्नु हुन्छ। आउनुहोस् शास्ता कहाँ जाऔं।"

"म आचार्य भएर बसेको छु। उनको शिष्य बन्नु त पानी राख्ने भाँडाबाट पानी झिक्ने डाडु जस्तै हुनु हो। म अन्तेवासी भएर बस्न सक्तिन।"

"आचार्य ! यस्तो नभन्नुहोस्।"

"भइहाल्यो, तिमीहरू जाओ। म जाने छैन।"

"आचार्य ! लोकमा बुद्ध उत्पन्न भएकाले महाजनहरू हातमा माला लिई उहाँ गई पूजा गर्दछन्। हामी पनि उहाँ जानेछौं। तपाईं यहाँ के गरी बस्नु हुन्छ ?"

"तात ! यो लोकमा अपण्डित मूर्खहरू धेरै छन् कि पण्डित बुद्धिमान्हरू धेरै छन् ?"

"आचार्य ! मूर्खहरू नै धेरैछन्। पण्डित बुद्धिमान् थोरै छन्।"

"तात ! त्यसोभए पण्डितहरू पण्डित श्रमण गौतमकहाँ जानेछन्। अपण्डित मूर्खहरू म कहाँ आउनेछन्। तिमीहरू जाओ, म जान सक्तिनं।"



Downloaded from http://www.dhamma.digital

"आचार्य ! तपाईंले थाहा पाउनु हुनेछ" भनी ती दुवै गए ।

उनीहरू गएपछि सञ्जयको परिषदमा फूट भयो। त्यसबखतदेखि आश्रम खालि भयो। खालि आश्रम देखी उनले तातो रगत वमन गरे। उनीहरूका साथमा गएका परिब्राजकहरूमध्ये सञ्जयका अढाई सय परिब्राजकहरू फर्केर आए। उनीहरू चैं आफ्ना अढाई सय परिब्राजकहरूका साथ गए। चतुपरिषदको बीचमा बसी धर्मोपदेश गरिरहनु भएका बुद्धले टाढादेखि उनीहरू आइरहेको देखी "भिक्षु हो ! यी दुई साथीहरू आइरहेका छन्। उपतिस्स र कोलित भन्ने। यिनीहरू मेरो भिक्षुसङ्घमा युगल अग्रश्रावकहरू हुनेछन्" भनी भन्नुभयो। उनीहरू नजिकमा पुगेर शास्तालाई वन्दना गरी एक छेउमा बसे। अनि भगवान्संग यस्तो विन्ति गरे "भन्ते ! हामीले भगवान समक्ष प्रव्रज्या र उपसम्पदा पाऔं।"

"भिक्षु हो ! आऊ, सुआख्यात धर्म छ। सम्यकप्रकारले दुःख क्षय गर्नको लागि ब्रह्मचर्य पालन गर" भनी भगवान्ले भन्ने बित्तिकै ऋद्धिको प्रभावद्वारा उनीहरू सयबर्षीय महास्थविरहरू जस्तै भई चीवरधारी भए। त्यहाँदेखि सारिपुत्र र मौद्गल्यायन भनी कहलिन थाले। भिक्षु भएको एक साता हुँदा मगध देशको कल्लवाल गाउँमा बसिरहेको बेलामा 'पचलायमान' सूत्रको उपदेश सुनी मौद्गल्यायन स्थविर



Downloaded from http://www.dhamma.digital

अरहत् भए। सारिपुत्र स्थविरचाहिं भिक्षु भएको दुई हप्तामा राजगृहको गृद्धकूट पर्वतस्थित सूकर खतलेन भन्ने गुफामा आफ्नै भान्जा दीर्घनख परिब्राजकलाई दिनु भएको दीर्घनख सूत्रको उपदेश सुनिरहेको बेलामा अरहत् भएका हुन। उसै दिन घाम झुल्कने बेलामा वेणुवनमा भगवान्ले श्रावकसन्निपात गरी दुवै स्थविरलाई अग्रस्थान पद प्रदान गर्नु भई प्रातिमोक्ष (भिक्षुहरूको नियमावली) उद्देशण गर्नु भएको थियो।

भगवान्ले सारिपुत्र र मौद्गल्यायन दुईजनालाई युगल अग्रस्थान दिएको बारेमा "भगवान्ले मुख हेरी भिक्षा दिनु हुन्छ। अग्रस्थान कि त सबभन्दा पहिले प्रव्रजित हुने पञ्चभद्रवर्गीय भिक्षुहरूलाई दिनुपर्थ्यो। अथवा यश भिक्षु सहित उनका ५४ जना साथी भिक्षुहरूलाई दिनुपर्थ्यो। उनीहरूलाई पनि नदिएको खण्डमा तीस जना भद्रवर्गीयलाई दिनुपर्थ्यो। अथवा उरूवेल कश्यपादि तीन दाजुभाइलाई दिनुपर्थ्यो" भन्दै भिक्षुहरूले असन्तोष भाव व्यक्त गरे। यो कुरा सुन्नु भई भगवान्ले "भिक्षु हो! के भनी रहेको?" भनी सोधनी हुँदा भिक्षुहरूले उक्त कुरा निवेदन गरे। अनि भगवान्ले भन्नुभयो – "भिक्षु हो! मुख हेरेर दिएको पद होइन। अपितु उनीहरूले पहिलेको जन्ममा प्रार्थना गरेर आए बमोजिम मात्र दिएको हुँ" भनी भन्नु हुँदा, सो कुरा बताउनु हुन भिक्षुहरूले प्रार्थना गरेपछि शास्ताले यो पूर्व कथा सुनाउनु भयो—



Downloaded from http://www.dhamma.digital

एकलाख असंख्य कल्प अघि सारिपुत्र ब्राह्मण महाशाल कुलमा सरद भन्ने नामले जन्मेका थिए। मौद्गल्यायन सिरिवड्डक भन्ने नामले गृहस्थी महाशाल कुलमा जन्मेका थिए। यी दुवै जना धुलो खेल खेल्ने साथी थिए। यीमध्ये आफ्नो बाबुको मृत्युपछि सरद माणवले विचार गरे— "म इहलोकको कुरा मात्र जान्दछु र परलोकको कुरा जान्दिनँ। जन्मने प्राणीको मरण अवश्यमेव हुनेछ। अतः कहीं प्रव्रजित भई कुनै मोक्षधर्म खोजी गर्नुपर्छ। यी कुरा साथीलाई पनि भन्नुपर्छ" भनी निस्केर गई साथी सिरिवड्डकलाई भने— "हे साथी! म त प्रव्रजित भई मोक्षधर्म खोज्नेछु। तिमी प्रव्रजित हुन सक्छौ कि सक्दैनौ?"

"साथी! म त प्रव्रजित हुन सक्दिनँ। तिमी मात्र प्रव्रजित होऊ।"

अनि उनले विचार गरे "परलोक जानेले न साथी न ज्ञातिबन्धु साथमा लिएर जान्छ। आफूले गरेको आफूलाई नै हुन्छ।" यति सोचेर घरमा गई आफ्नो ढुकुटी खोली कृपण, याचक, गरीबहरूलाई महादान दिई पर्वततिर गई ऋषिभेष धारण गरी प्रव्रजित भए। यिनका साथ लागी प्रव्रजित हुने जटिलहरू चौहत्तर हजार (७४,०००) पुगे। पञ्चअभिज्ञा*

---

* ऋद्धिविध-ज्ञान, दिव्यश्रोत ज्ञान, पूर्वनिवास-ज्ञान, चेतोपरिय (चित्त-परिच्छेद) ज्ञान र दिव्यचक्षु-ज्ञानलाई 'पञ्चअभिज्ञा' भनिन्छ।



Downloaded from http://www.dhamma.digital

र अष्टसमापत्ति★ लाभ गरी ती जटिलहरूलाई कसिण भावनाको ज्ञान सिकाइ दिए र उनीहरूले पनि पञ्चअभिज्ञा र अष्टसमापत्ति ध्यान लाभ गरे।

त्यस बखत अनोमदर्शी बुद्ध भगवान लोकमा हुनुहुन्थ्यो। उहाँको जन्मस्थान बन्धुमती नगर हो र पिता यशवन्त क्षत्री र माता यशोधरा थिइन्। उहाँले पीपल रूखमुनि बोधिज्ञान प्राप्त गर्नु भएको थियो। निषभ र अनोम भन्ने उहाँका दुई अग्रश्रावकहरू थिए। वरूण भन्ने भिक्षु उपस्थापक र सुन्दरा र सुमना भन्ने अग्रश्राविकाहरू थिए। उहाँको आयु एकलाख वर्ष थियो। शरीरको उचाई अण्ठाउन्न (५८) हात थियो र शरीरको प्रभा बाह्रयोजन फैलिन्थ्यो। एकलाख भिक्षु परिवार थिए।

एकदिन प्रत्युष समयमा महाकरुणा समापत्तिबाट उठी लोकमा हेर्दा सरद तपस्वी कहाँ गएर धर्म देशना गर्‍यो भने चौहत्तर हजार (७४,०००) जटिलहरू अरहत् हुनेछन् र सरद तपस्वीले अग्रश्रावकस्थान प्रार्थना गर्नेछन्। आज त्यहाँ जानु योग्य छ" भनी पात्र चीवर ग्रहण गरी अरू कसै जटिलहरूलाई केही नभनी सरद तपस्वीका अन्तेवासीहरू फलफूल लिन गइरहेको समयमा त्यहाँ पुग्नुभयो। "मलाई

---

★ रूपावचर ध्यान चार र अरूपावचर ध्यान चारलाई अष्टसमापत्ति भनिन्छ।



Downloaded from http://www.dhamma.digital

बुद्ध भनी जानुन्" भनी अधिष्ठान गरी सरद तपस्वीले देख्ने गरी आकाशबाट ओर्ली पृथ्वीमा उभिनु भयो। अनि उहाँको शारीरिक प्रभाव तथा शरीरमा भएका लक्षणहरूबारे "यस्ता लक्षणहरू हुने पुरुष गृहस्थी भए चक्रवर्ती राजा र गृहत्याग गरेमा सर्वज्ञ बुद्ध हुनेछन्" भन्ने आफ्नो शास्त्रानुसार सरद तपस्वीले परीक्षण गर्दा "यी पुरुष अवश्य पनि बुद्ध हुन् भन्ने निश्चय गरी प्रत्युगमन गरी पञ्चाङ्ग वन्दना गरी आसन बिछ्याई दिए। भगवान बस्नु भएपछि सरद तपस्वी पनि आफ्नो अनुकूल आसनमा बसे। त्यतिखेरै उनका चौहत्तर हजार जटिलहरू प्रणीत प्रणीत ओजपूर्ण फलफूलहरू लिई आइपुगे। बुद्ध र आफ्ना आचार्य बसिरहेको आकार प्रकारलाई विचार गरी "आचार्य! यो लोकमा तपाईं जस्तो श्रेष्ठ पुरुष अरू छैन भन्ने धारणा गरी हामी बसिरहेका थियौं। यी पुरुष त तपाईं भन्दा पनि श्रेष्ठतर जस्ता देखिन्छन्।"

"के भनेको? अठसट्ठी योजन (६८,००,०००) उचाई सुमेरू पर्वतसँग एउटा सर्स्यौंको गेडा दाँजे जस्तै मसँग दाँज्न खोज्दैछौ जस्तो लाग्छ" भनी भने।

"यदि यी पुरुष कमसल भएका भए हाम्रा आचार्यले यस्तो उपमा दिनु हुने थिएन होला। अहो! कस्ता महापुरुष!" भन्दै सबैले तथागतको चरणमा वन्दना गरे।



Downloaded from http://www.dhamma.digital

अनि उनीहरूलाई आचार्यले "तात ! हाम्रा बुद्धलाई दिन योग्य उचित वस्तु छैन । शास्ता भगवान बुद्ध भिक्षाको समयमा यहाँ पाल्नु भएको छ। हामीले यथाशक्ति दिन योग्य वस्तु देऔं। तिमीहरूले ल्याएका प्रणीत र ओजपूर्ण फलफूलहरू ल्याऊ" भनी ल्याउन लगाई हात धोई स्वयं आफैंले तथागतको भिक्षा पात्रमा राखिदिए। शास्ताले स्वीकार गर्नु भयो। पिउने पानी पनि तपस्वी आफैंले छानी दान दिए। तथागतले भोजन गरिसक्नु भएपछि सबै शिष्यहरूका साथ कुशल क्षेम कुरागरी बस्नुभयो। त्यसबखत शास्ताले "दुई अग्रश्रावकहरू भिक्षुसङ्घका साथ आऊ" भनी मनमा चिताउनुभयो । शास्ताको मनोभाव बुझी एकलाख क्षीणास्रवी परिवारका साथ आई शास्तालाई अभिवादन गरी एक छेउमा उभिए। अनि सरद तपस्वीले आफना शिष्यहरूलाई बोलाई "तात ! बुद्ध बस्नु भएको आसन पनि होचो छ, अरू श्रावकहरूका आसन छैनन्। आज तिमीहरूले बुद्धलाई भव्य रूपले स्वागत गर्न सक्नु पर्छ । पर्वतको फेदीमा गई वर्णगन्ध सम्पन्न फूलहरू ल्याऊ" भनी अह्राए। भनिरहँदा अबेर हुन्छ अतएव आ-आफ्नो ऋद्धिप्रभावले तुरन्त ल्याऊ। तिनीहरूरू तुरन्तै वर्णगन्ध सम्पन्न फूलहरू ल्याई बुद्धको निमित्त एक योजन प्रमाणको पुष्पासन बिछ्याई दिए। दुई अग्रश्रावकहरूका लागि तीन गाउत प्रमाणका पुष्पासन बिछ्याई दिए। बाँकी भिक्षुहरूको लागि आधा आधा



Downloaded from http://www.dhamma.digital

योजनको र नवकभिक्षुहरूको लागि उसभ★ प्रमाणको ग्रासन विछ्याई दिए। ग्रनि सरद तपस्वीले तथागतको ग्रगाडि दुइहात जोरी उभिई "भन्ते! मेरो दीर्घकालीक हित सुखको निमित्त यो पुष्पासनमा बस्नुहोस्" भन्नो प्रार्थना गरे। शास्ता बस्नु भएपछि दुई ग्रग्रश्रावक र ग्ररू भिक्षुहरू यथायोग्य ग्रासनहरूमा बसे। सरद तपस्वीले तथागतलाई पुष्प छत्र ग्रोढाई रहे। "जटिलहरूको यो सत्कारद्वारा उनीहरूले महत्फल प्राप्त गरून्" भनी तथागत निरोधसमापत्तिमा❀ बस्नुभयो। तथागत निरोधसमापत्तिमा तल्लीन हुनु भएको बुझी दुई ग्रग्रश्रावकहरू तथा ग्ररू भिक्षुहरू सबै निरोधसमापत्तिमा तल्लीन भई बसे। सातदिन सातरातसम्म तथागत समापत्तिमा बसुन्जेल सरद तपस्वीका शिष्यहरू भोजन समयमा फलफूल ल्याई खान्थे र ग्ररू समयमा बुद्धलाई दुइहात जोरी उभिई रहन्थे। सरद तपस्वी भिक्षाको समयमा पनि कहिं नगई पुष्पछत्र समातेरै एक सप्ताहसम्म प्रीति सुखपूर्वक उभिएर नै बसे। निरोधसमापत्तिबाट उठ्नु भई शास्ताले

---

★ १४० हातको एक उसभ हुन्छ।

❀ यो निरोधसमापत्ति (ध्यानमा) ग्रष्टमापत्ति लाभी ग्रनागामी र क्षीणास्रवी ग्ररहतहरू मात्र तल्लीन हुन सक्छन्। ग्ररू हुन सक्दैनन्। निरोधसमापत्ति भनेको चित्त चैतसिक धर्मलाई क्रमशः निरुद्ध गर्नु हो।



Downloaded from http://www.dhamma.digital

दाहिने तिर बसेका अग्रश्रावकलाई बोलाई "निषभ ! सत्कार गर्ने तपस्वीहरूलाई पुष्पासनानुमोदन गर" भनी भन्नु भयो। उनको देशनापछि शास्ताले द्वितीय अग्रश्रावकलाई "तिमीले पनि धर्म देशना गर" भन्नु भयो। अनोमस्थविरले त्रिपिटक बुद्धवचन परामर्श गरी देशना गरे। दुवै श्रावकहरूको धर्म देशनाद्वारा कसैलाई पनि धर्मावबोध भएन। अनि अप्रमाण बुद्ध विषयमा बस्नु भई धर्मोपदेश गर्नुभयो। देशना सिद्धिए पछि सरद तपस्वी एक बाहेक सबैले अरहत्व प्राप्त गरे। शास्ताले "आऊ भिक्षु हो !" भनी हात पसार्नु भयो। सबै केश दाह्री उतना घरिमै लुप्त भए। सरद तपस्वी मात्र किन अरहत् नभएका हुन् भने— अग्रश्रावकले धर्मदेशना गर्न थाल्नु भएदेखि उनको मनमा "अहो ! म पनि कुनै बुद्धको शासनमा अग्रश्रावक हुन पाए हुन्थ्यो" भन्ने कल्पना गरिरहेका थिए। यसै कारणले कुनै मार्ग-फल❋ पाउन सकेन। तथागतलाई वन्दना गरी अगाडि उभिई "भन्ते ! तपाईंको दाहिने तिर बसेका भिक्षु तपाईंका को हुन् ?"

"मैले प्रवर्तन गरेको धर्मचक्र प्रवर्तन गर्न सक्ने श्रावकपारमीको चुचुरोमा पुगेको सोह्र प्रकारका प्रज्ञालाई बझेको मेरा अग्रश्रावक हुन्।"

---

❋ बौद्ध साहित्यमा "मार्ग र मार्गफल" भन्ने शब्दको अर्थ स्रोतापत्ति, सकृदागामी, अनागामी र अरहत् मार्गलाई 'मार्ग' र फल प्राप्तिलाई 'मार्गफल' भनिन्छ।



Downloaded from http://www.dhamma.digital

"भन्ते ! मैले एक सप्ताहसम्म पुष्पछत्र समाती तपाईंको स्वागत गरें त्यसबाट म शक्रत्व, ब्रह्मत्व प्रार्थना गर्दिनँ। भविष्यमा कुनै बुद्धको अग्रश्रावक प्रार्थना गर्दछु।" अनि शास्ताले भविष्य ज्ञानद्वारा हेर्दा उनको प्रार्थना एक लाख असंख्यकल्प बितेपछि सफल हुनेछ भनी जान्नु भई सरद तपस्वीलाई भन्नुभयो— "तिम्रो प्रार्थना पूर्ण हुनेछ। भविष्यमा एकलाख असंख्यकल्पपछि लोकमा गौतम बुद्ध उत्पन्न हुनेछन्। उनको आमा माहामाया देवी, पिता शुद्धोधन भन्ने राजा, पुत्र राहुल भन्ने कुमार, आनन्द भन्ने उपस्थापक, द्वितीय अग्रश्रावक मौद्‌गल्यायन भन्ने तिमी चाहिं प्रथम अग्रश्रावक धर्मसेनापति सारिपुत्र हुनेछौ।" यसरी तपस्वीलाई भविष्यवाणी प्रकाश गरी धर्मोपदेश गरी आफू भिक्षुहरूसहित आकाश मार्गद्वारा जानुभयो। अनि सरद तपस्वीले अन्तेवासिक स्थविरहरूलाई "भन्ते ! मेरा साथी सिरिवड्ढक-लाई तिम्रो साथी सरद तपस्वीले भविष्यमा उत्पन्न हुने गौतम बुद्धको प्रथम अग्रश्रावक हुन पाउँ भनी अनोमदर्शी बुद्धको चरणकमलमा प्रार्थना गरे। तिमीले द्वितीय अग्रस्थान प्रार्थना गर" भनी दिनु होला। यति भनेर पछि स्थविरहरूभन्दा अगाडि नै अर्को बाटोबाट गई सिरिवड्ढकको दैलोमा उभिए।

"अहो ! धेरै दिनपछि मेरा साथी सरद तपस्वी आउनु भयो" भनी आसन बिछ्याई आफू एक होचो आसनमा बसी



Downloaded from http://www.dhamma.digital

सिरिवड्ढकले "भन्ते ! तपाईंका अन्तेवासिक परिषद खोई त ?" भनी सोधे ।

"सौम्य ! मेरो आश्रममा अनोमदर्शी बुद्ध भगवान आउनुभयो र उनीहरू सबै अरहत् भई उहाँका श्रावक बनेर गए। मैले चाँहि भविष्यमा हुने गौतम बुद्धको प्रथम अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गरें । तिमीले पनि उहाँको द्वितीय अग्रश्रावक हुने प्रार्थना गर" भनी भने ।

"भन्ते ! बुद्धसँग मेरो परिचय छैन, के गर्ने ?"

"बुद्धसँग कुरा गर्ने जिम्मा मेरो भयो। तिमीले चाँहि बुद्धलाई भव्य रूपले स्वागत गर्ने प्रबन्ध मिलाऊ ।"

उनको कुरा सुनी सिरिवड्ढकले आफ्नो आँगनमा राजकीय सम्मानको लागि आठ करिस प्रमाणको भूमि भाग सम्म पार्न लगाई बालुवा छर्न लगाई लावासहित पाँच प्रकारका फूलहरू छर्न लगाई नीलो कमलको मण्डप तयार पार्न लगाई बुद्धासन तयार पारी अरू भिक्षुहरूको पनि आसन तयार गर्न लगाई बडो भव्य रूपले सम्मान गर्ने व्यवस्था मिलाइसकेपछि सरद तपस्वीलाई निम्तो गर्ने कुराको सूचना दिए। बुद्धसहित भिक्षुहरू निम्तो गरेर ल्याए। सिरिवड्ढकले प्रत्युगमन गरी तथागतको हातबाट भिक्षापात्र लिई मण्डप भित्र लगी आसनमा बसाली बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत



Downloaded from http://www.dhamma.digital

भोजन दान दिए। भोजनपछि बुद्धसहित भिक्षुसङ्घलाई अनर्घ बस्त्रहरू ओढाई "भन्ते! यो पूजा सत्कार स्यानो स्थानको लागि होइन। अतः यस्तै प्रकारले एक सातासम्म अनुकम्पा राख्नुहोस्" भनी बिन्ति गरे। शास्ताले स्वीकार गर्नुभयो। यस्तै रूपले एक सप्ताहसम्म दान दिई दुइहात जोरी भगवानलाई नमस्कार गरी उभिएर भने— "भन्ते! मेरा साथी सरद तपस्वीले जुन बुद्धको प्रथम अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गरे म उही बुद्धको द्वितीय अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गर्दछु" भनी बिन्ति गरे। शास्ताले अघि जस्तै भविष्य ज्ञानले हेर्नु भई "तिमी भविष्यमा उही बुद्धका द्वितीय अग्रश्रावक हुनेछौ" भनी भविष्यवाणी गर्नुभयो। बुद्धको भविष्यवाणी सुनी सिरिवड्ढक अति प्रफुल्लित भए।

"भिक्षु हो! त्यसबखत मेरा पुत्रहरूले गरेको प्रार्थना यही हो। आफूले प्रार्थना गरे अनुसार नै उनीहरूले पाए। मैले मुख हेरेर दिएको होइन।"

यस्तो भन्नु भएपछि अग्रश्रावकहरूले भगवानलाई "भन्ते! हामीहरू घरमा छँदा गीतिकानृत्य हेर्न जाँदा...... आदि" भनी अस्सजित स्थविर भेटेकोसम्मको कुरा जम्मै सुनाई "भन्ते! अनि हामीहरू आचार्य सञ्जय परिब्राजक कहाँ गई तपाईंकहाँ आउने विचारले उनको धर्ममा कुनै सार छैन भनी भन्यौं तथा तपाईंकहाँ आउनाको गुण पनि बतायौं।


Downloaded from http://www.dhamma.digital

तैपनि हामीले उनलाई ल्याउन सकेनौं" भनी बिन्ति गरी फेरि यस्तो सुनाए "भन्ते ! उनले भने कि अब म शिष्य भएर बस्न सक्दिनं । शिष्य हुनुको मतलब पानी राख्ने भाँडाबाट पानी लिने डाडु जस्तै हुनु हो । अनि हामीले भन्यौं कि अब लोकमा बुद्ध उत्पन्न भइसक्नु भयो । मानिसहरू बुद्धकहाँ जाने छन् । तपाईं एक्लै के गरी बस्नु हुनेछ' भन्दा "यो संसारमा पण्डितहरू धेरै छन् कि मूर्खहरू धेरै छन्" भनी सोधे । हामीले "मूर्खहरू नै धेरै छन्" भन्यौं । उनले भने कि "त्यसो भए पण्डितहरू जति पण्डित भएका श्रमण गौतम कहाँ जाने छन् र मूर्ख जति मूर्ख मकहाँ आउने छन् ! तिमीहरू जाओ" भनी आउन चाहेनन् भन्ते !"

यो सुनेर शास्ताले— "भिक्षु हो ! सञ्जयले आफ्नो मिथ्यादृष्टिको कारणले गर्दा असारलाई सार र सारलाई असार भनी ग्रहण गरे । तिमीहरूले चाहिं आफ्नो पाण्डित्यताले गर्दा सारलाई सार र असारलाई असार भनी जानी असार छाडेर सारलाई नै ग्रहण गर्‍यौ" भनी भन्नु भई यो गाथा प्रकाश पार्नु भयो—

"असारे सारमतिनो, सारे चासारदस्सिनो ।
ते सारं नाधिगच्छन्ति, मिच्छासङ्कप्पगोचरा ।।

(असारलाई सार र सारलाई असार भनी ठान्ने यस्तो मिथ्यादृष्टि हुने व्यक्तिले कहिल्यै सार पदार्थको लाभ गर्न सक्दैन ।")



Downloaded from http://www.dhamma.digital

"सारञ्च सारतोञत्वा, असारञ्च असारतो ।
ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्पगोचरा ॥

(सारलाई सार र असारलाई असार भनी ठान्ने यस्तो सम्यक्‌दृष्टि हुने व्यक्तिले सार पदार्थ लाभ गर्न सक्छ ।")

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सारिपुत्रका बारेमा

राजगृह नजिकै उपतिस्स गाउँका अधिपति वङ्गन्त ब्राह्मण र उनको पत्नी रूपसारीको ज्येष्ठ पुत्रको रूपमा भगवान गौतम बुद्ध जन्मनुभन्दा अघि नै सारिपुत्रको जन्म भएको हो। उनका चुन्द, उपसेन तथा खदिरबनीय रेवत नामका ३ भाई र चाला, उपचाला तथा सीसूपचाला नामका ३ बहिनी थिए। उपतिस्स गाउँमा जन्मेका हुनाले उनको नाम उपतिस्स राखिएको भए तापनि रूपसारीका पुत्र भएको हुनाले उनी सारिपुत्र नामले प्रख्यात भए।

राजगृह स्थित वेणुवनमा भगवान बुद्धको शिष्यत्व ग्रहण गरी भिक्षु भएपछि उनी भगवान बुद्धद्वारा भिक्षुहरूका लागि बनाई दिनु भएको नियमहरूलाई दृढतापूर्वक पालन गर्थे। उनले भगवानद्वारा प्रदत्त नियमलाई अक्षरशः पालन गरी त्यसबाट आइपर्ने अप्ठ्याराहरूबाट भगवान बुद्धलाई ती नियमहरूमा सामयिक सम्शोधन गर्नु परेको अनेकौं उदाहरणहरू छन्। जस्तो—



Downloaded from http://www.dhamma.digital

(१) एउटा भिक्षुले एकजनाभन्दा बढी श्रामणेर राख्न नपाइने नियम थियो। सारिपुत्रका साथ राहुल श्रामणेर पहिलेदेखि नै थिए। एकपटक उपस्थापक कूलबाट एकजना बालक प्रव्रजित गराउनका लागि उनकहाँ ल्याइए। नियम विपरित हुनाले भगवान बुद्धकहाँ गई यस विषयमा मार्गदर्शनका लागि अनुरोध गरे। भगवान बुद्धले योग्य तथा सबल भिक्षुले दुईजना वा जति जनालाई शिक्षा दिन चाहन्छन्, त्यति जना श्रामणेर राख्न सक्ने उपनियम त्यसबेलादेखि बनाइ दिनुभयो।

(२) भिक्षुहरूले कुनै पनि आवासथ (बटुवा, रोगी, प्रव्रजितहरूलाई निःशुल्क बास बस्ने, बास बसी उपचार गराउन सकिने स्थान) मा एकरातभन्दा बढ्ता बास बसेर भोजन खान नहुने नियम थियो। एकपटक सारिपुत्र कोशल जनपदमा चारिका गर्दै श्रावस्तीमा जाँदा एउटा आवासथमा बास परेको थियो। भोलिपल्ट उपासकहरूले धेरैदिनपछि उक्त स्थानमा आएका भनी सारिपुत्रलाई सुस्वादिष्ट भोजनले सत्कार गरे। सो भोजन खानाले सारिपुत्रलाई बेसरी पेट दुख्यो र श्रावस्ती जान सकेनन्, त्यहीं बस्नुपर्‍यो। अर्कोदिन भोजन ल्याउँदा उनले स्वीकार नगरी भोकै रहे। सारिपुत्र श्रावस्तीमा पुगेपछि भगवान बुद्धले यो कुरा थाहा पाउनु भयो र रोगी भएकाले आवासथमा दुईदिन बसी खाना खान सक्ने उपनियम बनाउनुभयो।



Downloaded from http://www.dhamma.digital

सारिपुत्र विहार सफा–सुग्घर राख्न, खाली घडाहरूमा पानी भर्ने, विहारमा रहेका रोगीहरूको हेरचाह गर्ने, आसनहरू व्यवस्थित गर्ने आदि कार्य सम्पन्न गरी गराई मात्र भिक्षाटनका लागि निस्कन्थे ।

सारिपुत्रले अस्सजित स्थविरबाट धर्मोपदेश सुनी श्रोतापत्तिफलमा प्रतिस्थापित भएका कारणले सँगै नभएका बखत अस्सजित भएका दिशातिर फर्केर आफ्ना आचार्यलाई वन्दना गर्न नमस्कार गर्थे, अन्य भिक्षुहरूले 'भगवानका अग्रश्रावक भएर पनि अहिलेसम्म उहाँको मिथ्यादृष्टिपन हटेको रहेनछ र दिशा नमस्कार गर्ने बानी पनि छुटेको छैन ।' भन्ने असन्तोष व्यक्त गरे ।

जब यो कुरा भिक्षुहरूले भगवानलाई सुनाए तब भगवानले स्थविरसँग सोध्नुभयो—

"सारिपुत्र ! के यो कुरा साँचो हो ?"

"भन्ते ! मैले दिशा नमस्कार गरेको हो वा होइन भन्ने कुरा त तपाईंलाई राम्ररी थाहा नै छ ।"

सारिपुत्रको उत्तर सुनेपछि भगवानले उपस्थित भिक्षुहरूलाई उपदेश गर्नु हुँदै "भिक्षु हो ! सारिपुत्रले दिशा नमस्कार गरेका होइनन् । अश्वजितबाट धर्म सुनी श्रोतापत्तिफलमा प्रतिष्ठित भएका हुनाले आफ्नो आचार्यलाई



Downloaded from http://www.dhamma.digital

वन्दना गरेका हुन् । जुन आचार्यको कारणबाट धर्म अवबोध हुन्छ त्यसलाई उनले ब्राह्मणले अग्निहोत्र गरे झैं सम्मानपूर्वक नमस्कार गर्नुपर्छ" भनी धम्मपदको निम्न गाथा बताउनु भयो ।

यह्मा धम्मं विजानेय्य, सम्मासम्बुद्धदेसितं ।
सक्कच्चं तं नमस्सेय्य, अग्गि हुतं' व ब्राह्मणो ।।

(जसबाट सम्यकसम्बुद्ध देशित धर्म अवबोध हुन्छ त्यसलाई सो पुरुषले ब्राह्मणले अग्निहोत्र गरेझैं सत्कारपूर्वक नमस्कार गर्नु पर्छ ।)

त्यस्तै एकताका राध नामक ब्राह्मणले प्रव्रज्यात्व लिन चाहँदा कुनै पनि भिक्षुले उनलाई प्रव्रजित गराउन चाहेनन् । कुनै समयमा निज राध ब्राह्मणले सारिपुत्रलाई राजगृहमा भिक्षाटनमा जाँदा एक डाडु भात प्रदान गरेका रहेछन् र सो कुरा सारिपुत्रले बिर्सेका रहेनछन् । त्यही गुणलाई सम्झेर भगवान बुद्धको आदेशानुसार ज्ञप्ति चतुर्थ वाचाद्वारा सारिपुत्रले उक्त ब्राह्मणलाई उपसम्पदा गरे । यस प्रकार सारिपुत्र आफूप्रति गरिएको अनुग्रहप्रति सदा कृतज्ञ रहन्थे ।

सारिपुत्र बडा शान्त स्वभावका थिए । उनमा क्रोध पटक्कै उत्पन्न हुँदैन थियो । श्रावस्तीका केही मानिसहरूले एकपल्ट उनको क्रोध नगर्ने बानी बारे चर्चा गरिरहेका थिए ।



Downloaded from http://www.dhamma.digital

त्यहाँ एकजना ब्राह्मणले सारिपुत्रलाई क्रोध दिलाउने धक्क् लगायो। भिक्षाटनमा निस्केका सारिपुत्रलाई त्यस ब्राह्मणले पछाडिबाट जोडले हिर्कायो। तर सारिपुत्र भने केही नभएको जस्तो कुनै पनि प्रकारको प्रतिक्रिया नदेखाई शान्त भावसँग आफ्नो बाटो लागे। यो देखेर त्यस ब्राह्मणलाई पश्चातापले छटपटी भयो र दौडेर गई सारिपुत्रलाई वन्दना गरी क्षमा याचना गऱ्यो अनि आफ्नो घरमा लगेर भोजन गरायो। तथा सारिपुत्रले त्यस ब्राह्मणलाई निर्दोष स्थविरलाई पिटेको कारणले कुटन भनी आएका क्रुद्ध मानिसहरूको हूलबाट बचाए।

यसरी सारिपुत्र अनुशासित, कृतज्ञ, शान्त तथा करुणाशील थिए भन्ने बुझिन्छ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# भगवानसँग सारिपुत्रको बिदाई

वैशाली नगर नजिकको वेलुवग्रामगा अन्तिम वर्षावास पश्चात् भगवान बुद्ध श्रावस्तीमा फर्कनुभयो। भगवानप्रति गर्नुपर्ने दिवाकार्य गरी धर्मसेनापति सारिपुत्र आफ्नो स्थानमा गई शिष्यहरूप्रति गर्नुपर्ने कर्तव्य पनि पूरा गरी आएर दिवाविहार गर्ने ठाउँ बढारी छालाको चारपाटे टकटक्याई बिछ्याएर हात-खुट्टा पखाली पलेंटी मारी फलसमापत्तिमा समाधिष्ठ भए।

परिच्छेद गरे (यति समय समापत्तिध्यानमा बस्नेछ भन्ने निधो) अनुसार समापत्तिबाट उठेपछि उनको मनमा यस्तो वितर्कना हुन थाल्यो — "भगवान बुद्ध पहिले परिनिर्वाण हुनु हुनेछ कि अग्रश्रावक?" अनि "अग्रश्रावकहरू पहिले परिनिर्वाण हुनेछन्" भन्ने ज्ञान भएपछि उनले आफ्नो आयु संस्कारलाई हेरे। त्यसबाट उनले आफ्नो आयु एकहप्ता मात्र बाँकी छ भनी बुझे। त्यसपछि आफू परिनिर्वाण हुनेछु भन्ने कल्पना गरे। यसको साथै उनले यो पनि कल्पना गरे कि



Downloaded from http://www.dhamma.digital

राहुल त्रयत्रिंश देवलोकमा परिनिर्वाण भए र ज्ञातकौण्डिन्य स्थविर छद्दन्त वनमा परिनिर्वाण भए। अब म चाहिं कहाँ निर्वाण हुने होला भन्ने बारम्बार कल्पना गर्न थाले। यसरी कल्पना गरिरहेका बखत उनलाई आफ्नी आमाको सम्झना भयो।

'मेरी माता सातजना अरहन्तहरूकी आमा भएर पनि बुद्ध-धर्म-सङ्घप्रति अप्रसन्न हुनुहुन्छ। उहाँको उपनिश्रय-सम्पत्ति छ कि छैन?' भनी विचार गरी हेर्दा उनले श्रोतापत्तिफलको उपनिश्रय-सम्पत्ति देखे र 'कसको उपदेश-द्वारा धर्माभिसमय हुनेछ त?' भनी हेर्दा आफ्नै धर्मोपदेशद्वारा धर्माभिसमय हुने कुरा पनि बुझे।

यदि यस विषयमा म अल्पोत्सुक भएँ भने मानिसहरूले मलाई यस्तो भन्न सक्छन् — 'सारिपुत्र स्थविर अरूका लागि त आश्रय भए। समचित्त-सूत्र देशना गर्दा एककोटी एकलाख देवताहरू अरहन्त भए। तीनफल प्राप्त गरेका देवताहरूको त गन्ती नै छैन। अरू अरू ठाउँमा अनेक धर्माभिसमय भएको र स्थविरप्रति चित्त प्रसन्न गरी स्वर्गमा पुगेका मात्र असीहजार कुलगृहहरू छन्। तर त्यस्ताले आजसम्म आफ्नी आमाको मिथ्यादृष्टि मात्र पनि हटाउन सकेका छैनन्।' तसर्थ आमाको मिथ्यादृष्टिलाई हटाई आफू जन्मेकै कोठामा परिनिर्वाण हुनेछु भन्ने निश्चय गरी 'आजै भगवानबाट अनुमति प्राप्त गरी त्यहाँ जानेछु' भनी चुन्द (आफ्ना माइला भाइ) लाई बोलाएर



Downloaded from http://www.dhamma.digital

"आवुसो चुन्द ! हाम्रा पाँचसय परिवारलाई 'धर्मसेनापति नालक* गाउँमा जान चाहन्छन् । आ-आफ्नो पात्र-चीवरहरू लेओ' भनी सूचना देऊ ।" भनी सारिपुत्रले भनेपछि चुन्द स्थविरले सो आज्ञा पालन गरे ।

सबै भिक्षुहरू आएपछि सारिपुत्र स्थविरले पनि शयनासनहरू पट्याई, दिवास्थान बढारी, दिवास्थानको दैलोमा उभिएर दिवास्थान अवलोकन गरी 'यो मेरो अन्तिम हेराइ हो, फेरि यहाँ मेरो बास हुनेछैन' भन्दै पाँचसय भिक्षुहरूका साथ भगवानकहाँ गई वन्दना गरी भगवानलाई बिन्ती गरे— "भन्ते ! मलाई अनुमति दिनुहोस् । भन्ते ! मलाई अनुमति दिनुहोस् । सुगत ! मेरो परिनिर्वाण हुने समय आइपुग्यो, मेरो आयुसंस्कार सिद्धियो ।"

फेरि सारिपुत्र स्थविरले भने—

"छिन्नोदानि भविस्सामि, लोकनाथ महामुनि ।
गमनागमनं नत्थि, पच्छिमा वन्दना अयं ॥

(महामुनि लोकनाथ ! अब म तपाईंबाट बिछोडिने छु । यो मेरो अन्तिम वन्दना हो । मेरो गमनागमन छैन ।)

---

* केही अट्ठकथामा सारिपुत्र जन्मेको गाउँ नालक भन्ने उल्लेख भएको छ ।



Downloaded from http://www.dhamma.digital

"जीवितं अप्पकं मह्यं, इतो सत्ताहमच्चये ।
निक्खिपेय्यामहं देहं भारवोरोपनं यथा ।।

(अब मेरो जीवन थोरै छ। यहाँदेखि उता एकहप्ता मात्र छ। त्यसपछि भारी बिसाए जस्तै आफ्नो देहलाई छाड्नेछु।)

"अनुजानातु मे भन्ते, भगवा अनुजानातु सुगतो।
परनिब्बानकालो मे, ओसट्ठो आयुसङ्खारो'ति ।।

(भन्ते! अब मलाई अनुमति दिनुहोस्। सुगत! अब मलाई अनुमति दिनुहोस्। मेरो आयु सिद्धिई सक्यो, अब म परिनिर्वाण हुनेछु।)"

भगवान बुद्धले न त परिनिर्वाण होऊ भन्नु हुन्छ, न त नहोऊ भन्नु हुन्छ। यदि 'परिनिर्वाण होऊ' भनी भन्नु भयो भने मिथ्यादृष्टि भएकाहरूले 'मरणको वर्णन गर्नुहुन्छ' भनी दोषारोपण गर्छन्। यदि 'परिनिर्वाण नहोऊ' भनी भन्नु भयो भने 'संसारको वर्णन गर्नुहुन्छ' भनी आरोप लगाउँछन्। तसर्थ भगवानले "सारिपुत्र! कहाँ परिनिर्वाण हुन्छौ त?" भनी सोध्नुभयो।

"भन्ते! मगध देशको नालक गाउँमा म जन्मेको कोठामा परिनिर्वाण हुनेछु।" भनी सारिपुत्रले भनेपछि "त्यसो भए तिमी जस्तो उचित सम्झन्छौ" भनी भगवानले



Downloaded from http://www.dhamma.digital

भन्नुभयो। यसपछि भगवानले फेरि भन्नुभयो— "अब तिमी जस्ता भिक्षुको दर्शन दुर्लभ हुनेछ। तसर्थ तिम्रा भाइहरूलाई धर्मदेशना गर।"

अनि सारिपुत्र स्थविरले 'भगवान मबाट ऋद्धिसहित धर्मदेशनाको प्रतीक्षा गर्दै हुनुहुन्छ' भन्ने बुझी भगवानलाई वन्दना गरी तालवृक्ष जत्रो अग्लो आकाशमा गई ओर्ह्लेर दशबलको चरणकमलमा वन्दना गरे। त्यस्तै सातवटा तालवृक्ष जत्रो अग्लो आकाशमा गई अनेक प्रकारका ऋद्धि देखाई धर्मोपदेश गरे। शरीर देखिने गरेर अनि नदेखिने गरेर पनि, शरीरको माथिल्लो आधा भाग मात्र देखिने गरी र तल्लो आधा भाग मात्र देखिने गरी तथा नदेखिने गरेर पनि धर्मदेशना गरे। फेरि कहिले चन्द्रमाको वर्ण, कहिले सूर्यको वर्ण, कहिले पर्वतको वर्ण, कहिले समुद्रको वर्ण र कहिले चक्रवर्ती राजाको जस्तो वर्ण देखाई धर्मदेशना गरे। फेरि कहिले वैश्रवण राजा जस्तो देखाएर, कहिले शक्र देवेन्द्र जस्तो देखाएर अनि कहिले महाब्रह्मा जस्तो देखाएर धर्मदेशना गरे। यसरी अनेक प्रकारका ऋद्धिप्रातिहार्य देखाई धर्मदेशना गरे। त्यहाँ नगरका धेरै मानिसहरू भेला भएपछि आकाशबाट ओर्ह्ली दशबलको चरणकमलमा वन्दना गरी एकछेउमा उभिरहे।

अनि भगवान शास्ताले सोध्नुभयो— "सारिपुत्र! यो धर्मपर्यायको नाम के हो?"



Downloaded from http://www.dhamma.digital

"भन्ते ! सिंहनीक्रीडा यसको नाम हो।"

"सारिपुत्र ! सिंहनीक्रीडा राम्रै छ, राम्रै छ।"

त्यसपछि चप्रा जस्तो हात (रातो हत्केला) पसारी सुवर्ण वर्ण कछुवाको जस्तो भगवानका पाउ समाती सारिपुत्र स्थविरले "भन्ते ! यो चरणकमलमा वन्दना गर्नको लागि मैले शतसहस्राधिक असंख्येय कल्प पारमी पूरा गरें। मेरो त्यो मनोरथ पूरा भयो। प्रतिसन्धिको हिसाबले यहाँदेखि फेरि कुनै ठाउँमा समागम हुनेछैन। अनेक लाख बुद्धहरूले प्रवेश गरेको अजरामर अभय क्षेम सुख शीतल भएको निर्वाणपुरमा जानेछु। त्यसैले भन्ते ! यदि तपाईंलाई मेरो कुनै कायिक र वाचिक कर्म रूचिकर नभएको भए त्यसबापत मलाई क्षमा गर्नुहोस्। अब मेरो जाने बेला भयो।" भनी बिन्ती गरे।

"सारिपुत्र ! क्षमा गर्छु। तिम्रो कुनै कायिक र वाचिक कर्म मलाई मन नपर्ने भएको छैन। सारिपुत्र ! अब तिमी जे उचित ठान्दछौ, त्यही गर।"

भगवानबाट अनुमति पाएपछि शास्ताको श्रीचरणमा वन्दना गरी सारीपुत्र उठने बित्तिकै "कत्रा कत्रा सुमेरू आदि हिमाल बोक्नेले आज उहाँको गुण बोक्न गह्रौं भयो" भने जस्तै गरी महापृथ्वी कम्पित भयो। आकाशमा देववाद्यको



Downloaded from http://www.dhamma.digital

गुँजन हुनथाल्यो। महामेघ निस्केर पुष्प बृष्टि भयो। धर्मसेनापतिलाई जान सजिलो होस् भन्ने विचारले भगवान धर्मासनबाट उठ्नुभयो र गन्धकुटीतिर गई स्फटिकको फलेकमा उभिनुभयो।

भगवानलाई तीनबार प्रदक्षिणा गरी चारैतिरबाट वन्दना गर्दै सारिपुत्र स्थविरले "भन्ते! यसभन्दा अगि शतसहस्राधिक असंख्येय कल्प अगाडि अनोमदर्शी बुद्धको चरणकमलमा परेर तपाईंको दर्शनको लागि प्रार्थना गरेको थिएँ। तपाईंको प्रथम दर्शन पाएपछि त्यो मेरो प्रार्थना सिद्ध भएको थियो। अब यो मेरो अन्तिम दर्शन हो। अब उप्रान्त तपाईंको दर्शन गर्न पाउने छुइनँ।" भन्दै दुई हात जोडी जहाँसम्म आँखाले देखिन्छ, त्यहाँसम्म पछाडि हेर्दै वन्दना गर्दै गए। आफूलाई परिवृत्त गरिबसेका भिक्षुहरूलाई भगवानले "भिक्षु हो! तिमीहरूको ज्येष्ठ भ्राताको अनुगमन गर" भनी अह्राउनुभयो।



Downloaded from http://www.dhamma.digital

# सारिपुत्र जन्मस्थानमा

भगवानलाई जेतवनमै छाडी चारै परिषद सारिपुत्रका साथ निस्के। श्रावस्तीवासी नर-नारीहरू पनि "सारिपुत्र स्थविर भगवानसँग बिदा लिई परिनिर्वाण हुनको निमित्त निस्किए, उनको दर्शन गरौं" भन्दै हातमा फूलका माला तथा गुच्छा लिई केश फिँजाई नगरद्वारमा जान लागे। त्यस जनसमूहमा यस्तो पनि सुनियो— "अब हामीहरूले महाप्रज्ञावान कहाँ बसेका छन् ? ती धर्मसेनापति कहाँ छन् ? भनी सोद्धै कहाँ जाने ? कसको भरमा शास्तालाई छाडी स्थविर जान लागेका होलान् ! पहिले त उनी फर्किने गरी जान्थे। अहिले चाहिं उनी नफर्किने गरी जाँदैछन्।" यसरी अनेक प्रकारले तर्क-वितर्क गर्दै, रूँदै विरह गर्दै त्यो विशाल जनसमहले सारिपुत्र स्थविरको अनुगमन गऱ्यो।

अनि महाप्रज्ञावान भएका स्थविरले "आवुसो ! भई हाल्यो" भन्दै सबैलाई रोकी "आवुसो ! मेरो यो नफर्किने यात्रा हो। तिमीहरू अप्रमादी भएर बस। संस्कार भनेको



Downloaded from http://www.dhamma.digital

यस्तै हो भन्ने भाविता गर" भनेर सबैलाई सम्झाउँदै बुझाउँदै अर्तो बुद्धि दिए। भिक्षुहरूलाई पनि "भैगो, यहीं बस। दशबलप्रति अप्रमादी होऊ।" भनेर फर्काई आफू चाहिं आफ्ना परिवारका साथ बाटो लागे।

नालक गाउँतर्फको बाटोका ठाउँ ठाउँमा एक एक रात बास बस्दै एकहप्तामा मानिसहरूको संग्रह गर्दै आखिरी दिनको साँझतिर नालक गाउँमा पुगे र गाउंको द्वारनिरको एउटा बरको रूखमुनि बसे।

गाउँबाट बाहिर निस्कन लागेको सारिपुत्र स्थविरका भानिज उपरेवतले स्थविरलाई देखी उनकहाँ आई वन्दना गरी एकछेउमा उभियो।

सारिपुत्रले उसँग सोधे—

"बज्यै घरमा हुनुहुन्छ ?"

"भन्ते ! हुनुहुन्छ।"

"त्यसो भए जाऊ, हामीहरू यहाँ आएको कुरा बताइ देऊ। किन आएको भनी सोध्नु भयो भने आज एकरात आफू जन्मेको कोठामा बस्नेछन् भनीदेऊ र पाँचसय भिक्षुहरूको लागि ठाउँको व्यवस्था पनि गर्नलाई भनीदेऊ ?"

उपरेवत सारिपुत्रको आमाकहाँ गयो र भन्यो—

"आर्या ! मेरा मामा आउनु भएको छ।"

"अहिले कहाँ छन् नि ?"



Downloaded from http://www.dhamma.digital

"गाउँको ढोकानेर।"

"एक्लै छन् कि अरू पनि छन् ?"

"पाँचसय भिक्षुहरू पनि छन् । मामाले पाँचसय भिक्षुहरूका लागि ठाउँको व्यवस्था गर्न पनि भन्नुभएको छ।"

सारिपुत्र स्थविरकी आमा रूपसारीले 'किन यत्तिका भिक्षुहरूको निमित्त पनि ठाउँ ठोक पार्न लगाएका होलान् ! तरूण अवस्थामा प्रव्रजित भएका कारणले अहिले बुढेसकालमा आएर गृहस्थी पो हुन चाहेका हुन् कि !' भन्ने सोचिन्। यस्तो सोचेर स्थविर जन्मेको कोठा सफा–सुग्घर गरी तयार पारी पाँचसय भिक्षुहरूको निमित्त पनि आसनहरू व्यवस्था गरी चिराग बाली स्थविरकहाँ मानिसहरू पठाइन्।

भिक्षुहरूका साथ स्थविर प्रासादमा आई आफू जन्मेको कोठामा बसे। बसिसकेपछि भिक्षुहरूलाई "आ-आफ्नो बस्ने ठाउँमा जाओ" भनी पठाए। उनीहरू जाने बित्तिकै सारिपुत्रलाई ठूलो वेदनाका साथ रोग लाग्यो। मरणान्त हुने गरी रगत सहित पखाला लाग्यो। एउटा भाँडो बाहिर लैजाँदा अर्को भाँडो भित्र्याइन्थ्यो। रूपसारी ब्राह्मणी चाहिं "छोराको बानी मलाई मन पर्दैन" भन्दै आफ्नो कोठाको दैलोमा नै उभिईरहिन्।

त्यसबेला चतुर्दिशाका चार महाराजाहरूले 'धर्मसेनापति यतिखेर कहाँ होलान् ?' भनी विचार गरी हेर्दा



Downloaded from http://www.dhamma.digital

'नालक गाउँको आफू जन्मेको कोठामा परिनिर्वाण मञ्चमा बसेका छन्' भन्ने बुझी 'अन्तिम दर्शनार्थ जानुपऱ्यो' भन्दै सारिपुत्र भएको ठाउँमा आई वन्दना गरी एकछेउमा उभिए।

"तिमीहरू को हौ ?" — स्थविरले सोधे।

"भन्ते ! हामी चातुर्महाराजिक देवताहरू हौं।"— उनीहरूले उत्तर दिए।

"यहाँ किन आएका त ?"

"रोगीको सेवा गर्न" भनी उनीहरूले भन्दा स्थविरले "भैगो, मेरा उपस्थापकहरू छन्, तिमीहरू जाओ" भनी उनीहरूलाई फर्काए। उनीहरू गएपछि शक्र देवेन्द्र आए। उनलाई पनि फिर्ता पठाएपछि महाब्रह्माहरू आए। सारिपुत्र स्थविरले उनीहरूलाई पनि फर्काए।



Downloaded from http://www.dhamma.digital

# आमालाई उपदेश

सारिपुत्रकहाँ देवताहरू आए–गएको देखेर रूपसारी ब्राह्मणीले 'मेरो छोराकहाँ आउँदै वन्दना गर्दै फर्कनेहरू को रहेछन् ?' भन्ने सोची सारिपुत्र बसेको कोठाको दैलोमा गई चुन्दसँग सबै कुरा बुझ्ने मनसायले "के हाल छ त ?" भनी सोधिन् ।

चुन्द स्थविरले पनि सबै कुरा बताए । अनि सारिपुत्र स्थविरलाई "भन्ते ! महाउपासिका आउनु भएको छ ।" भनी भने ।

"किन आउनु भएको ?" सारिपुत्रले सोधे ।

रूपसारी ब्राह्मणीले भनिन् —

"छोरा ! तिम्रो दर्शन गर्न आएकी हूँ । अघि तिम्रो कोठामा आउनेहरू को हुन् ?"

"उपासिके ! चातुर्महाराजिक देवताहरू हुन् ।"



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

"छोरा ! के चातुर्महाराजिक देवताहरूभन्दा तिमी ठूला छौ ?"

"उपासिके ! हाम्रा शास्ता मातृकोखमा प्रवेश गर्नु हुंदा उनीहरूले हातमा खड्ग लिई चारैदिशामा बसी उहाँको रक्षा गरेका थिए।"

"छोरा ! उनीहरू गइसकेपछि आएका को त ?"

"शक्र देवेन्द्र।"

"देवराज इन्द्रभन्दा पनि तिमी ठूला छौ त ?"

"उपासिके ! हाम्रा शास्ता त्रयत्रिंश देवलोकबाट ओर्लनु भएको बेलामा वस्तुहरू समात्ने श्रामणेर झैं भगवानको पात्र-चीवर समाती उनी पनि ओर्लेका थिए।"

"छोरा ! उनी गइसकेपछि प्रज्वलित हुँदै आएका चाहिं को हुन् नि ?"

"उपासिके ! उनी चाहिं तपाईंको भगवान्, तपाईंको शास्ता महाब्रह्मा हुन्।"

"त्यसो भए के त तिमी मेरो भगवान महाब्रह्माभन्दा पनि ठूला छौ त ?"

"उपासिके ! हो, हाम्रा शास्ता जन्मिनु भएको बेलामा चारजना महाब्रह्माहरूले उहाँलाई हात थापेर लिएका थिए।"



Downloaded from http://www.dhamma.digital

अनि 'मेरो छोराको त देवताहरूमा यस्तो प्रभाव छ भने उनको शास्ता भगवानको कत्रो प्रभाव होला !' भन्ने सोच्दा सोच्दै उनको मनमा एक्कासी पञ्चवर्ण–प्रीति उत्पन्न भई सारा शरीरमा फैलिएर गयो।

सोही बखत स्थविरले 'अब भने मेरी आमाको मनमा प्रीति सौमनस्य उत्पन्न भयो। धर्मोपदेश गर्ने बेला ठीक भयो।' भन्ने विचार गरी "महाउपासिके ! के सोच्दै हुनुहुन्छ ?" भनी सोधे।

"मेरो छोराका शास्ताको गुण कत्रो होला ! भन्ने कुरा सोच्दैछु" भनी जवाफ दिइन्।

"महाउपासिके ! मेरा शास्ता जन्मनु हुँदा, महाभिनिष्क्रमण गर्नुहुँदा, सम्बोधित्व प्राप्त गर्नुहुँदा र धर्मचक्र प्रवर्तन गर्नुहुँदा दशसहस्री लोकधातु कम्पित भएको थियो। शील, समाधि, प्रज्ञा, विमुक्ति र विमुक्ति ज्ञानदर्शनमा मेरो शास्ता समान कोही छैन। उहाँ भगवान अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ र देव मनुष्यका शास्ता हुनुहुन्छ" आदि भनी बुद्धगुणले युक्त धर्मोपदेश गरे।

पुत्रको धर्मोपदेशको अवसानमा रूपसारी ब्राह्मणी स्रोतापत्तिफलमा प्रतिष्ठित भइन् र सारिपुत्रलाई भनिन्— "छोरा उपतिस्स ! किन यसो गरेको ? किन यत्तिका दिनसम्म मलाई अमृत नदिएको ?"



Downloaded from http://www.dhamma.digital

स्थविरले 'मैले मेरी आमा रूपसारी ब्राह्मणीले पोषण गरेको मूल्य चुक्ता गरें। यत्ति नै पर्याप्त छ' भन्ने विचार गरी उनलाई "जानुहोस् उपासिके !" भनी रूपसारी ब्राह्मणीलाई पठाई चुन्दसँग "के समय भयो ?" भनी सोधे।

"भन्ते ! बिहान सबेरै हुनलाग्यो" भनी चुन्द स्थविरले बताए।

"त्यसोभए भिक्षुसङ्घलाई भेला गराऊ" भनी सारिपुत्र स्थविरले भने।

"भन्ते ! भिक्षुसङ्घ भेला भइसक्यो।"

"चुन्द ! त्यसोभए मलाई उठाएर बसाऊ।"

चुन्द स्थविरले उनलाई उठाएर बसालेपछि स्थविरले भिक्षुहरूलाई सम्बोधन गर्न थाले—

"आवुसो ! चवालिस वर्षसम्म मसँग बस्ने तिमीहरूले यदि मेरो कायिक र वाचिक कार्यमा कुनै मन नपर्ने कुरा देखेका भए क्षमा गर।"

"भन्ते ! यतिका समयसम्म तपाईंको छाया समान भई बसेका हामीहरूलाई कुनै पनि मन नपर्ने कुरा भएको छैन। बरू तपाईंले हामीहरूलाई क्षमा गर्नुहोस्।"



Downloaded from http://www.dhamma.digital

त्यसपछि स्थविर सारिपुत्र सङ्घाटि तानी मुख छोपी दाहिनेतिरबाट कोल्टो परी शास्ताले झैं नौ अनुपूर्व समाधिहरूमा तलबाट माथिसम्म र माथिदेखि तलसम्म समाधिमा बसी फेरि प्रथम ध्यानबाट चतुर्थ ध्यानमा बसी त्यसबाट उठनुका साथसाथै महापृथ्वी उन्नाद गराउँदै अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण भए। सो दिन कार्तिक पूर्णिमाको दिन थियो।



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# सारिपुत्रको निर्वाणपछि

उपासिका रूपसारी ब्राह्मणीले सारिपुत्रको खुट्टा सुमसुम्याई हेर्दा उनको परिनिर्वाण भइसकेको बुझी बेसरी चिच्याउँदै खुट्टा मुनि लडी "छोरा ! मैले योभन्दा अघि तिम्रो गुण थाहा पाइनँ । तिमी सहित सयकडौं हजारौं लाखौं भिक्षुहरूलाई यो घरमा आमन्त्रण गरी भोजन गराउन सकिनँ । चीवरद्वारा पूजा गर्न सकिनँ । सयौं हजारौं विहार पनि निर्माण गर्न सकिनँ ।" भन्दै अरूणोदय नभएसम्म विलाप गर्दै रोई रहिन् ।

अरूणोदय भएपछि उनले सुनको गजूर भएका पाँचसय रथ र ध्वजा झुण्ड्याउने सुनका पाँचसय डण्डा बनाउन लगाइन् । शक्र देवेन्द्रले पनि विश्वकर्माबाट सुनको गजूर भएका पाँचसय रथ र ध्वजा झुण्ड्याउने सुनका पाँचसय डण्डा बनाउन लगाए । यसरी दुइ थरीले बनाएका रथ र डण्डा जम्मा दुइहजार भए । त्यसपछि अत्यन्त असल काठको मण्डप बनाउन लगाएर त्यसको बीचमा ठूलो गजूर भएको रथ राखी बाँकी रथहरू



Downloaded from http://www.dhamma.digital

त्यस रथको चारैतिर राखन लगाएर 'साधु क्रीडा' गर्न थालियो। त्यहाँ देवताहरूको बीचमा मानिसहरू र मानिसहरूको बीचमा देवताहरूको घुइंचो लाग्न थाल्यो।

त्यसबखत त्यहाँ स्थविरकी रेवती भन्ने उपस्थायिका स्त्रीले पनि स्थविरको पूजा गर्न सुनका फूलहरूको तीनवटा घडाहरू बनाइन्। स्थविरको पूजा गर्न भनी शक्र देवेन्द्र पनि साढे दुइकोटी नर्तकीहरू लिई आकाशबाट ओर्ले। 'शक्र ओर्ल्हदैछन्' भन्दै मानिसहरू पछाडि हटन लागे। त्यस हूल-मूलमा रेवती पनि थिइन्। पछाडि हट्न खोज्दाखोज्दै हूलले गर्दा छेऊ लाग्न नसकी उनी भीडको बीचमा लोटिन्। मानिसहरूले उनलाई कुल्चिदै गए। उनको त्यहीं मृत्युभयो र त्रयत्रिंश देवलोकको कनक विमानमा उत्पन्न भइन्। साठ्ठीवटा गाडीमा अटाउने जति आभरणद्वारा प्रतिमण्डित भई उनी एकहजार अप्सराहरूले परिवृत्त भइन्। उनीहरूले मानिस जत्रो ऐना उनको अगाडि राखिदिए। त्यसमा आफूसँगको श्रीसम्पत्ति देखेर उनले 'यो श्रीसम्पत्ति बडो ठूलो छ। के कर्मको प्रभावले यत्रो सम्पत्ति पाएकी रहेछु!' भनी विचार गर्दा सारिपुत्र स्थविर परिनिर्वाण भएको ठाउँमा तीनवटा सुनको फूलका घडाहरू राखी पूजा गरेकी थिए। त्यसैले यहाँ उत्पन्न हुन पाएकी हूँ। स्थविरको कारणले मैले यो पुण्यको विपाक भोग्न पाएँ। अब मानिसहरूलाई गएर यो कुरा सुनाउँछु भनी उनी विमान सहित ओर्लिन्।



Downloaded from http://www.dhamma.digital

विमान आउन लागेको टाढैबाट देख्दा मानिसहरूले दुइवटा सूर्य उदय हुँदैछन् भन्दै हेरिरहे। नजिकै आइ पुगेपछि मात्र मानिसहरूले बुझे कि यो त सूर्य होइन, विमान पो रहेछ ! देवकुमारी आकाशमै विमान छाडी आफू मात्र पृथ्वीमा ओर्ल्हिन्।

साधु क्रीडामा व्यस्त महाजनहरूले उनलाई सोधे— "तपाईं को हुनुहुन्छ ?"

"तपाईंहरू मलाई चिन्नु हुन्न। म रेवती भन्ने सारिपुत्र स्थविरको उपस्थायिका हूँ। सुनका फूलको तीनवटा घडाहरू राखी पूजा गरिरहँदा यहाँ हूलमा मानिसहरूबाट कुल्चिएर मृत्यु भई त्रयत्रिंश देवलोकमा उत्पन्न भएकी हुँ। मैले पाएको श्रीसम्पत्ति हेर्नुहोस्। तपाईंहरूले पनि दान गर्नुहोस्, पुण्यकर्म गर्नुहोस्" भन्दै कुशल कर्मको महिमा बताएर स्थविरको चितालाई तीनपटक प्रदक्षिणा गरी वन्दना गरेर आफ्नै देवस्थानमा फर्किन्।

एक हप्तासम्म साधु क्रीडा गरिसकेपछि महाजनहरूले सुगन्धित काठको चिता बनाए। चिता चाहिं उनान्सय हातको थियो। स्थविरको शव चितामा राखिसकेपछि उशीर (तृण विशेष) को मुठा बाली चितामा आगो लगाइयो। चितास्थलमा रातभरि धर्मदेशना भएको थियो। अनुरूद्ध स्थविरले सुगन्धित पानीले चिता निभाए। चुन्द स्थविरले



Downloaded from http://www.dhamma.digital

धातुहरू (भष्मावशेष) पानी छान्ने कपडामा पोको पारी "अब म यहाँ बस्न सक्दिनँ। मेरा जेठा दाजु धर्मसेनापति सारिपुत्र महास्थविर परिनिर्वाण हुनुभएको कुरा सम्यक्-सम्बुद्धलाई सुनाउँछु" भनी सो पोका र स्थविरको पात्र–चीवर समेत लिई श्रावस्तीमा गए।

श्रावस्ती जेतवनाराममा पुगेपछि जेतवनको पोखरीमा स्नान गरी राम्ररी चीवर पहिरिसकेपछि चुन्दको मनमा कुरा खेल्न लाग्यो – "बुद्धहरू भनेका विशाल ढुङ्गाको छाता जस्तो र गौरवनीयहरूको आगो जस्ता हुन् .... । उहाँकहाँ सोझै गएर यो समाचार सुनाउन सक्दिनँ। त्यसो भए कसकहाँ जाउँ त ? किन म मेरा उपाध्याय धर्मभण्डागारिक आयुष्मान आनन्दकहाँ नजाऊँ ! उहाँ मेरा जेठा दाजु स्थविरका श्रेष्ठ साथी पनि हुनुहुन्छ। उहाँकहाँ गई उहाँसँग भगवानकहाँ जान्छु" भन्ने निश्चय गरी आनन्द स्थविरकहाँ गए।

अनि आनन्द स्थविरकहाँबाट दुवैजना भगवानसमक्ष पुग्छन्। त्यहाँ आनन्दले भगवानलाई चुन्द यसो भन्छन् भन्दै सबैकुरा सुनाए र चुन्दले ल्याएका एक एक वस्तु देखाउँदै "यो उहाँको चीवर, पात्र र अस्थि धातुहरू भएको पानी छान्ने कपडा हो" भनी बिन्ती गरे।

भगवान बुद्धले अस्थि धातुहरू भएको कपडा हातमा लिई भिक्षुहरूलाई भन्नुभयो—



Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! जुन भिक्षुले अघिल्लो दिनमा अनेक ऋद्धि–प्रातिहार्य देखाई परिनिर्वाण हुने अनुमति लिए, तिनैको यो शङ्खवर्ण अवशेष धातुहरू हुन् । भिक्षु हो ! ती भिक्षुले शतसहस्राधिक असंख्येय कल्पहरू पारमी पूरा गरेका थिए । भिक्षु हो ! ती भिक्षु बुद्धशासनमा दोस्रो स्थान पाएका भिक्षु हुन् । भिक्षु हो ! ती भिक्षु महाप्रज्ञावान, हासप्रज्ञावान, तीक्ष्णप्रज्ञावान र निर्बेधप्रज्ञावान थिए । भिक्षु हो ! ती भिक्षु अल्पेच्छी, सन्तोषी, एकान्तप्रेमी, असंसर्गी, वीर्यवान, अर्तोदिने तथा पापनिन्दक थिए । ती भिक्षु लाभ भएका महान सम्पतिहरू त्यागी पाँचसय जन्मसम्म प्रव्रजित भएका हुन् । ती भिक्षु मेरो शासनमा पृथ्वी समान क्षान्ति भएका भिक्षु हुन् । ती चण्डालपुत्र झैं निहतमानी भिक्षु हुन् । ती सिङ्ग भाँचिएका साँढे समानका भिक्षु हुन् । भिक्षु हो ! यो धातु ती भिक्षुका हुन् । हेर यो महाप्रज्ञावान ... ... ... र पापनिन्दक भिक्षुका धातुहरू ।"

उहाँले फेरि भन्नुभयो —

१. "यो पब्बजि जाति सतानि पञ्च,
पहाय कामानि मनोरमानि ।

तं वीतरागं सुसमाहितिन्द्रियं,
परिनिब्बुतो वन्दथ सारिपुत्तं ।।



Downloaded from http://www.dhamma.digital

(मनोरम्य कामविषयलाई त्यागेर जो पाँचसय जन्मसम्म प्रव्रजित भए, सो सुसमाहित इन्द्रिय भएका वीतरागी सारिपुत्र परिनिर्वाण भइसके— अब उनलाई वन्दना गर।)

२. "खन्तीबलो पठवीसमो न कुप्पति,
न चापि चित्तस्स वसेन वत्तति।

अनुकम्पको कारूणिको च निब्बुतो,
परिनिब्बुतो वन्दथ सारिपुत्तं॥

(क्षान्तिबलद्वारा पृथ्वी समान अकम्प्य भएका र चित्तको वशमा नबस्ने र अनुकम्पा राख्ने कारूणिक सारिपुत्र परिनिर्वाण भइसके— अब उनलाई वन्दना गर।)

३. "चण्डालपुत्तो यथा नगरं पविट्ठो,
नीचमनो चरति कपालहत्थो।

तथा अयं विचरति सारिपुत्तो,
परिनिब्बुतो वन्दथ सारिपुत्तं॥

(हातमा कपाल लिएर निहतमानी भई जसरी चण्डालपुत्र नगरमा जान्छ, त्यसै गरी यी सारिपुत्र पनि निहतमानी भई विचरण गर्थे। अब त्यस्ता सारिपुत्र परिनिर्वाण भइसके, उनलाई वन्दना गर।)



Downloaded from http://www.dhamma.digital

४. "विसभो यथा छिन्नविसाणको,
अहेठयन्तो चरति पुरन्तरे ।

तथा अयं विचरति सारिपुत्तो,
परिनिब्बुतो वन्दथ सारिपुत्तं"ति ॥

(सिङ्ग भाँचिएको साँढे जसरी कसैलाई पनि बाधा नदिई नगरमा हिड्छ, त्यसंगरी हिड्ने सारिपुत्र परिनिर्वाण भइसके— अब उनलाई वन्दना गर ।)"

यसप्रकार पाँचसय गाथाद्वारा भगवान बुद्धले सारिपुत्र स्थविरको गुणहरूको वर्णन गर्नुहुँदा नजिकमा बसिरहेका आनन्द स्थविर शोकलाई थाम्न नसकी बिरालोको मुखमा परेको कुखुरा कामे जस्तै थरथर काम्न लागे । यसपछि भगवानले सारिपुत्रको धातुको चैत्य बनाउन लगाई आनन्द स्थविरलाई राजगृहतर्फ हिड्ने संकेत दिनुभयो ।

राजगृहमा महामौद्गल्यायन स्थविर पनि परिनिर्वाण भए । भगवान त्यहाँबाट वृजीहरूको उक्काचेल नगरको चाँदीको धूलो जस्तो बालुवा भएको गङ्गा नदीको तीरमा महत् भिक्षुसङ्घद्वारा परिबृत्त भई बस्नुभयो ।

अनि चुप लागेर बसिरहेका भिक्षुहरूको विशाल समूहलाई भगवानले यसो भन्नुभयो—



Downloaded from http://www.dhamma.digital

"भिक्षु हो ! सारिपुत्र र मौद्गल्यायनहरूको परिनिर्वाणपछि यो परिषद शून्य भए जस्तो लाग्छ। भिक्षु हो ! जुन दिशामा सारिपुत्र–मौद्गल्यायन हुन्थे, त्यो दिशा शून्य लाग्दैन थियो र त्यस दिशामा मैले केही पनि हेर्नु पर्ने हुँदैन थियो।"

यति भन्नुभई फेरि अगाडि यस्तो भन्नुभयो—

"भिक्षु हो ! तथागतको यो आश्चर्य हो ! भिक्षु हो ! तथागतको यो अद्भुत हो ! कि त्यस्ता युगल अग्रश्रावकहरू परिनिर्वाण हुँदा पनि तथागतलाई न शोक छ, न परिदेव (विलाप) नै।"

अझ अगाडि उहाँले भन्नुभयो—

"भिक्षु हो ! जस्तै कुनै विशाल सारवान रूख भए पनि त्यसको विशालतर शाखा भाँचिन्छ, त्यस्तै भिक्षु हो ! सारवान महाभिक्षुसङ्घ रहेर पनि सारिपुत्र–मौद्गल्यायनहरूको परिनिर्वाण भयो।"



Downloaded from http://www.dhamma.digital

# बुद्ध भजन

—श्रीमती इन्दिरा हलवाई

भगवान सुनिदेऊ मेरो पुकार
देऊ ज्ञान गर्न जीवन उद्धार

पञ्चशील जलले क्लेश पखाली
स्वच्छ हृदयले तनमन बाँधी
निशिदिन गर्दछु प्रभुकै सुमरन

भगवान सुनिदेऊ मेरो पुकार
देऊ ज्ञान गर्न जीवन उद्धार

तिम्रै भक्तिभावले गरें जीवन यापन
अज्ञ पनि प्रभु दरशन पाइनें
तिमीलाई देख्ने देऊ ज्ञान चक्षु

भगवान सुनिदेऊ मेरो पुकार
देऊ ज्ञान गर्न जीवन उद्धार

(बुद्ध विहार धरानबाट प्रस्तुत क्यासेट 'ज्ञानमाला भजन' बाट साभार उद्धृत)



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# अनागारिका सुशीलाका प्रकाशित पुस्तकहरू—

## अनुवाद, सङ्कलन र सम्पादन—

1) वनवासीतिस्स (नेपालभाषा)
2) लङ्काद्वीपुप्पत्ति रसवाहिनी (प्रथम भाग)
3) अग्रमहिषी मल्लिकादेवी (नेपालभाषा)
4) धम्मदिन्ना थेरी
5) सारिपुत्रको–मातालाई धर्मदेशना

1) धम्मदिन्ना थेरी (नेपालभाषा)
2) त्रिरत्न वन्दना
3) बौद्ध शिक्षा
4) पालिपाठ सिक्खावली
5) आसीविसोपम सुत्त

Downloaded from http://www.dhamma.digital